# अवधारणा पत्र

# ‘हाम्रो कोशिस’ परियोजना

## सामाजिक उत्तरदायित्व सहितको व्यावसाय

**पृष्ठभुमी**

वर्तमान अवस्थामा नेपाल लगायत सारा विश्व अकल्पनिय नोवेल कोरोना भाइरस (कोभिड १९)को महामारीबाट उत्पन्न असामान्य विषम् परिस्थितिबाट गुज्रिरहको छ । कोरोना भाइरसबाट हुन सक्ने संक्रमण र क्षतिलाई न्युनिकरण वा अन्त्यको लागि राज्यले सकारात्मक कद्म चाल्दै २०७६ चैत्र ११ गते देखि देशव्यापी बन्दाबन्दी (लकडाउन) गरेको अवस्था छ । कोरोना भाइरसको महामारीका कारण उत्पन्न प्रतिकूल अवस्थाले नेपाली उपभोक्ताहरु स्वस्थ र स्वच्छ खानाको चपेटामा परिरहेको र पर्न सक्ने खतरा औँल्याएका छन् । संविधानको धारा ३६ र खाद्य सम्प्रभुता ऐन २०७५ ले हरेक नागरिकलाई ‘पर्याप्त, पोषणयुक्त तथा गुणस्तरीय खाद्यमा नियमित पहुँचको अधिकार प्रत्याभूत गरेता पनि वर्तमान परिस्थितीमा स्वस्थ र स्वच्छ खाद्य पदार्थ उपलव्धता र बजार आपुर्ती ट्डकारो चुनौतीको रुपमा खडा भएको छ ।

कोरोनाको संकटकालिन समय व्यवस्थापनको लागि कृषि क्षेत्रका विज्ञ, पत्रकार, मानवअधिकारकर्मी तथा उपभोक्ताहरुको समुहले तत्काल स्वस्थ, स्वच्छ र कोरोना भाइरस रहित खाद्य पदार्थ बजार आपुर्तीको लागि यथासिघ्र पहल थाल्न सरोकारवालाहरुलाई आग्रह गरिरहेको विदितै छ । हालको असहज अवस्थामा एकातर्फ उत्पादकहरुले उत्पादित बस्तुहरुको बजार उपलब्धताको अभाव र उचित मुल्य नपाएरको अवस्थामा कुहिएर, विग्रिएर नास भएको छ भने अर्कोतर्फ उपभोक्ताहरुलाई दैनिक अत्यावश्यक स्वस्थ र स्वच्छ कृषि उपजहरु पर्याप्त र निर्धक्क रुपमा बजार आपुर्ती नभइरहेको अवस्था छ । अहिलेको समयमा बन्दाबन्दीले गर्दा पसलमा जाने अनुकुलता नमिल्नु, समयमा चाहेको बस्तु किन्न नपाउनु र खाद्य पदार्थ पनि भाइरस संक्रमीत होला भन्ने मनोवैज्ञानिक त्रास र संक्रमण सम्भावना व्याप्त रहेको छ । यस असहज परिस्थितीमा नेपाल सरकारले चालेको कदममा सहयोग र सहकार्यको लागि मुना कृषि लिमिटेडले मुना बजार अन्तर्गत **‘हाम्रो कोशिस’** परियोजना शुरु गर्न लागिरहेको छ । जसले बजारमा उपलब्ध कृषि उपज मध्ये भान्छामा चाहिने अत्याबश्यक तरकारी तथा फलफुललाई सङकलन, सरसफाइ तथा sanitized पानीले धोएर सिलबन्धी प्याक बनाइ बिक्री केन्द्र र मोवाइल भ्यान मार्फत बजार आपुर्ती गर्ने कोशिस गर्ने छ ।

**हाम्रो कोशिसको उदेश्यहरुः**

गैह्रआवसिय नेपाली संघले नेपाल सरकारसंगको सहकार्यमा मुना कृषि लिमिटेड स्थापना गरी कृषिको स्वस्थ आधुनिकीकरण, व्यवसायिकरण, निर्यात प्रर्वद्धन, आयात प्रतिस्थापन र कृषिमा रोजगारीको अवसर श्रृजना गर्ने जस्ता योजना बनाईरहँदा अकल्पनिय कोरोना भाइरसको विपत्ति आएको छ । हुन त मुना कृषि लिमिटेडले स्वच्छ, स्वस्थ र सामाजिक उत्तरदायित्व सहितको आधुनिक बजारको निर्माण संगै किसान फोर्स तयार गरी प्रत्यक्ष उत्पादनमा जाने र मुना ब्राण्डले Safe Food बाट Organic मा पुग्ने लक्ष्य सहित कार्यक्रम अगाडी बढाईरहेको छ तर उक्त कार्य पुरा हुन र गुणस्तरीय ब्राण्ड सहित बजार स्थापना गर्न थप समय लाग्ने छ । यद्दपी **‘हाम्रो कोशिस’** वर्तमान विषम् चुनौतीपुर्ण घडीमा नेपाल र नेपालीको सहयोग र सद्भावमा समर्पित सामाजिक उत्तरदायित्व सहितको व्यावसाय रहने छ ।

- हरेक नेपालीको भान्छामा अहम् स्थानमा रहेको तल उल्लेखित तरकारी तथा फलफुलहरुको सरल तरिकाले बजारमा उपलब्धश्रोत र साधनको प्रयोगबाट Sanitized पानीले धोएर स्वस्थ र स्वच्छ तरकारी तथा फलफुलको बजारमा आपुर्ती बढाउने र बस्तुहरुको माग र उत्पादन बिश्लेशणको आधारमा पोषणयुक्त स्थानिय रैथाने खाद्य पदार्थ प्रवद्धन गर्ने ।

    **ताजा तरकारीहरुः** हरियो सागपात, सिमी, बोडी, काँक्रो, गाँजर, गोलभैंडा, काउली, बन्दा, ब्रोकाउली, खुर्सानी, मुला, हरियो लसुन तथा प्याजको पात, भेन्टा, भिन्डी, फर्सि, आलु, च्याउ

**फलफुलः** स्याउ, अंगुर, केरा, अनार, सुन्तला
**मसला बालीः** अदुवा, लसुन
**अन्यः** बजार विश्लेषणमा आधारीत

- यस चुनौतीपुर्ण परिस्थितिमा बजारमा पहुच् पुग्न नसकेर घाटा व्यहोरीरहेका उत्पादकहरु र बजार आपुर्ती कमीका कारण बढी मुल्य तिरेर पनि अस्वस्थकर खाद्य पदार्थ किन्न बाध्य उपभोक्ता विच समर्थन मुल्य कायम गरी सामन्जस्यता प्रवद्धन गर्ने ।
- यस विषम परिस्थितीमा नेपाल सरकारले चालेको कदममा सहयोग र सहकार्यको लागि मुना कृषि लिमिटेडले **'हाम्रो कोशिस'** परियोजनाबाट स्वच्छ, स्वस्थ र गुणस्तरयुक्त खाद्य आपुर्तीका साथै यस संग सम्बन्धित अस्थायी संयन्त्र र साधान उपलब्धताको लागि तीनै तहका सरकार, संघसंस्था, सहकारी र निजी क्षेत्रको भूमिकालाई उचित रूपमा संयोजन गर्न कोशिस गर्ने ।

**कार्यगत विधीः**
मुना कृषि लिमिटेडले बर्तमान बजारमा उपलब्ध कृषि उपज मध्ये भान्छामा चाहिने अत्याबश्यक ताजा तरकारी तथा फलफुललाई उपलव्धता र बजार माग अनुसार विभिन्न संकलन केन्द्र, विक्री केन्द्र तथा प्रत्यक्ष/अप्रत्यक्ष उत्पादक मार्फत संकलन गरी सरसफाई केन्द्र सम्म ढुवानी गर्नेछ र उक्त केन्द्रमा सरल प्रविधीबाट जिवाणु तथा विषादी रहित बनाई सिलबन्दी प्याकेटमा मुना ब्राण्ड मार्फत विक्री केन्द्र र मोवाइल भ्यानबाट घर घरमा पुर्याएर बजार आपुर्ती सहज गर्ने योजना बनाएको छ । साथै संक्रमणको जोखिमताबाट बचाउन संलग्न मानवश्रोतलाई उचित सुरक्षाका सामाग्रीहरू अनिवार्य प्रयोगको लागि जोड दिइनेछ । यस परियोजना हाल कम्तीमा ३ महिनाको लागि योजना गरिएकोछ । यसलाई बजार मुल्याङ्कनको आधारमा आवश्यकता अनुसार विस्तार गर्दै लगिनेछ ।

**बजार प्रक्रिया**




**सरसफाइ तथा निर्मलीकरण प्रक्रिया**




**हानिकारक जिवाणुलाई निर्मुलीकरणमा प्रयोग गर्न सकिने पदार्थ**

- क्लोरीन युक्त रसायनः क्याल्सियम हाइपोक्लोराइट (Calcium Hypochlorite, सोडियम हाइपोक्लोराइट (Sodium Hypochlorite), ब्रोमो-क्लोरो रसायन (Bromo-chloro compounds ), क्लोरीन डाइअक्साइड (Chlorine Dioxide)
- बेकिङ सोडा (Baking Soda – $NaHCO3$)
- पेरोअक्सीएसिटिक एसिड (Peroxyacetic Acid), आयोडिन (Iodine), वोजोन (Ozone)

माथी उल्लेखित पदार्थ मध्ये विज्ञहरुले बेकिङ सोडा ($NaHCO3$)लाई प्रयोग गर्ने सल्लाह दिएका छन् र यो सस्तो र सजिलै बजारमा उपलव्ध पनि छ । क्लोरीन युक्त रसायन प्रयोगको लागि सम्बन्धित सरकारी निकायबाट आधिकारिक उपलव्धता चाहिन्छ । यसको लागि मुना कृषि लिमिटेडले आवश्यक कोशिस जारी राख्ने छ ।